नेपाल उद्योग
वाणिज्य महासंघ
FNCCI

महिला उद्यमी विकास समिति

# गतिविधि

२०७७-२०७९

WOMEN ENTREPRENEURSHIP DEVELOPMENT COMMITTEE (WEDC)

NEWSLETTER

## नेपालमा महिला उद्यमशीलता

महिला उद्यमशीलताको विकाशले लैंगिक विभेदका साथै महिला हिंसा न्यूनिकरण गर्न, रोजगारीको सृजना गर्न, आर्थिक अवस्था मजबुत बनाई समग्र देशको आर्थिक विकासमा टेवा पुऱ्याउनमा ठूलो सहयोग पुऱ्याउँछ । बढ्दो आर्थिक बृद्धिका कारण महिलाहरु आर्थिक उपार्जनका क्रियाकलापमा समावेश नभई आत्मनिर्भर हुन सक्दैनन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले सन् २०१८ मा गरेको राष्ट्रिय आर्थिक गणना २०१८ अनुसार मुलुकभर करिब साढे दुइ लाख महिलाहरुले आफ्नो स्वामित्वमा उद्यम व्यवसाय संचालन गरेका छन् साथै करिव ५ लाखलाई रोजगारी प्रदान गरेका छन् । महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर भए अवस्य देशको अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउन सक्दछन् ।



महासंघले देशभरका आफ्ना सदस्य संघ/संस्थाहरुमार्फत महिला उद्यमीहरुको विकास, विस्तार एवं प्रवर्द्धनका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यहरु गर्दै आएको छ । हाल नेपालमा महिला उद्यमीहरूले मुख्यतया गलैंचा, तयारी पोशाक, ढाका कपडा, अल्लो कपडा, पश्मिना, स्टेशनरी, औषधि, फूल विरूवा, ग्रिल, ईट्टा टायल, होजियारीका सामान, कृषि सम्बन्धी व्यवसायहरु पोल्ट्रि फार्म, फलफूल प्रशोधन, तरकारी उत्पादन आदि क्षेत्रहरूमा उद्यम व्यवसाय संचालन गर्दै आएका छन् । व्यूटीपार्लर, सिलाई/कटाई, इम्ब्रोइडरी, खाद्य सम्बन्धी बस्तुहरू अचार, जाम, जेली, मसला, दालमोठ, चाउचाउ, चिप्स, पापड, मह, पाउरोटी, विस्कुट साथै हस्तकलाका सामान नट क्राफ्टस्, उड क्राफ्टस्, पेन्टस्, बेतबाँस, झोला आदि उद्यम व्यवसायहरूमा समेत महिला उद्यमीहरू आबद्ध भई आएका छन् । महिला उद्यमीहरूबाट उत्पादित वस्तुहरू विषेश गरी ढाका कपडा, अल्लो कपडा, पश्मिना, हस्तकलाका सामानहरू विदेशमा समेत निर्यात भएका छन् ।

केही महिला उद्यमीहरुले देशको निकासी व्यापारमा समेत महिला उद्यमीहरुले महत्वपूर्ण योगदान पुऱ्याएको भएतापनि अधिकांश महिला उद्यमीहरुका लागि आवश्यक नीतिगत व्यवस्था, प्रक्रियागत सरलता, तालिमहरु, वस्तु बजारीकरणको व्यवस्था, पूँजी, बैंक तथा वित्तीय संस्थाहरुमा सहज पहुँच, प्रविधि, प्रविधि प्रयोगका लागि आवश्यक दक्ष जनशक्ति आदिको सहज व्यवस्था नभएका कारण साथै आयातित वस्तुहरुसंग प्रतिस्पर्धा गर्न नसकेका कारण उद्योग व्यवसायलाई निरन्तरता दिन नसकिरहेको पाईन्छ । समग्रमा महिला उद्यमीलाई उद्यम व्यसाय संचालनका लागि आवश्यक नीतिगत व्यवस्थाहरु एवं प्रक्रियागत सहजता देखि तालिमहरु, पूँजी, प्रविधि, दक्ष जनशक्ति एवं बजारीकरणसम्मको ठूलो अभाव देखिएको छ ।


पर्याप्त मात्रामा विकासका सम्भावनाहरु रहँदारहँदै पनि महिलाहरुबाट संचालित उद्योग व्यवसायहरुले समय सापेक्ष गति लिन नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा सरकारले महिला उद्यमीहरुबाट संचालित उद्योग व्यवसायका लागि आवश्यक नीतिगत एवं प्रक्रियागत व्यवस्थाहरु, यसको कार्यान्वयन पक्ष साथै सरकारले उपलब्ध गराएका सेवा सुविधाहरुबारे समय समयमा जानकारी गराउन सकिएमा उपरोक्त संख्यामा भएका महिला उद्यमीहरुबाट संचालित उद्योगहरुको संख्या विस्तार हुने, यी उद्योगहरुको प्रवर्द्धन हुने, उनीहरुबाट उत्पादित वस्तुहरुको उत्पादकत्व बृद्धि हुन गई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा बजार प्रवर्द्धन हुनुका साथै रोजगारी समेत सृजना भई निश्चित रुपमा राष्ट्रिय अर्थतन्त्रमा ठूलो सहयोग पुग्न जाने विश्वास गर्न सकिन्छ ।

## नेपालमा महिला उद्यमीको तथ्याङ्कीय वस्तुस्थिति

✍ जूना माथेमा

नेपाल सरकार, केन्द्रिय तथ्याङ्क विभागले २०७५ सालमा पहिलो पटक नेपालमा राष्ट्रिय आर्थिक गणना गरेको थियो । देशमा आयात निर्यातको सन्तुलनको अवस्था हेर्दा नेपाललाई आर्थिक रुपमा टेवा पुऱ्याउने प्रतिष्ठानहरुको अवस्था कस्तो छ भन्ने कुरा यस अध्ययनले देखाएको छ । साथै महिला उद्यमीकोहरुको अवस्थाबारे पनि यो अध्ययनले सूक्ष्म प्रकाश पारेको छ ।

राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजा अनुसार नेपालमा सञ्चालित प्रतिष्ठानहरूको (establishments) संख्या ९,२३,३५६ रहेको छ । यी मध्ये पुरुष संस्थापक भएका प्रतिष्ठानहरुको संख्या ५,८२,७१७ (६३.१०%) छ भने महिला संस्थापक भएका प्रतिष्ठानहरुको संख्या २,४७,८८० (२६.८५%) रहेको छ । ९२,७५९ (१०.०५%) प्रतिष्ठानहरुको संस्थापक रिपोर्ट उल्लेख भएको पाईदैन ।




*स्रोत: राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रिय तथ्यांक विभाग*

## शुभ-कामना



नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी विकास समिति महिला उद्यमीहरूको विकास, विस्तार एवं प्रवर्द्धनमा निरन्तर क्रियाशिल छ । समितिले आफना गतिविधिहरु सोही अनुसारले केन्द्रीत गरेको मैले पाएको छु ।

देशभित्र उद्यम गरी रोजगारी सृजना र राष्ट्रिय ढुकुटीमा योगदान गर्न महिला उद्यमीहरुले गर्नु भएको सहयोग प्रशंसनीय छ । चुनौतीका चाङ रहँदारहँदै पनि आफ्नो कर्ममा निरन्तर लागी नै रहनु भएको छ ।

महिला उद्यमीहरुले देशको निकासी व्यापारमा समेत महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । महिला उद्यमीहरू आवश्यक नीतिगत, प्रक्रियागत कठिनाईका कारण विविध खालका समस्याहरू व्यहोर्न बाध्य भएका छन् ।

वित्तीय पहुंचको कठिनाई, सरकारले ल्याएका सहुलियत प्याकेजबाट लाभ उठाउन प्रक्रियागत झन्झट, बजारको अभाव लगायतका गुनासो महिला उद्यमीहरूको छ । सरकारकातर्फबाट उद्यमीका जायज गुनासालाई सम्बोधन हुन सक्यो भने अर्थतन्त्रमा उहाँहरूको भूमिका अझ विस्तार हुने मेरो विश्वास छ ।

समितिले आफनो कार्यकालमा महत्वपर्ण उपलव्धीहरूलाई समेटेर बुलेटिन प्रकाशन गर्ने जमर्को गरेकोमा खुशी व्यक्त गर्दै महिला उद्यमीहरूको निरन्तर प्रगतिका लागि हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

शेखर गोल्छा, अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ
मिति २०७९ फागुन १२ गते, शुक्रवार

## शुभ-कामना



आजको विश्वमा लैङ्गिक समानता तर्फ सबै उन्मुख भईरहेको देख्दा केही आशाका किरणहरु पलाएका छन् । यद्यपि महिलाहरू जबसम्म स्वावलम्बी र स्वतन्त्र हुँदैनन् तब सम्म आशातीत परिवर्तन र दिगो विकास हामीले हासिल गर्न सक्दैनौ । स्वतन्त्रता र स्वावलम्बन तर्फको पहिलो कदम नै उद्यमशीलता विकास हो ।

यी सबै चुनौतीहरूलाई चिरेर अगाडि बढ्नु पर्ने हाम्रो लागि थप कठिन परिक्षा रहेको छ । तर पनि धैर्यता, लगनशीलता र मेहेनतका पर्याय वनेका महिला उद्यमीहरू यो सबै चुनौतीलाई पार गर्न सक्षम हुनेछन् भन्ने आशा महिला उद्यमशिलता विकास समितिले लिएको छ । समितिले यसै सन्दर्भहरू सगं रहेर कार्यक्रम सञ्चालन गर्दै आएको छ ।


हरेक स्तरबाट सहयोग रहेमा मात्रै उद्यमशीलताको विकास हुनेछ र यो नै विकासको कडी सावित हुन सक्छ ।

म यस प्रकाशनको सफलताको कामना गर्दै सम्पूर्ण महिला उद्यमी दिदीवहिनीहरूको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

श्री रीता सिम्हा, सभापति
महिला उद्यमी विकास समिति

## प्रदेश अनुसार महिला संस्थापक भएका प्रतिष्ठान

कूल ९,२३,३५६ प्रतिष्ठानहरु मध्ये, २,४७,८८० प्रतिष्ठानहरुमा महिला संस्थापक छन् । २,४७,८८० प्रतिष्ठानहरु मध्ये, सबैभन्दा धेरै ८६,९३४ (३५.२२%) प्रतिष्ठानहरु बाग्मती प्रदेशमा देखिएको छ भने, प्रदेश १ का ५४,७३४ (२२.१७%) प्रतिष्ठानहरुमा महिला संस्थापक छन् । गण्डकी र लुम्बिनी प्रदेशका लगभग १३% देखि १४% प्रतिष्ठानहरुमा महिला संस्थापक रहेका छन् भने मधेश, कर्णाली र सुदुरपञ्चिम प्रदेशका ४% देखि ६% प्रतिष्ठानहरुमा महिला संस्थापक रहेको देखिन्छ ।





*स्रोत: राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रिय तथ्यांक विभाग*

महिला संस्थापक भएका प्रतिष्ठानहरुको अवस्था हेर्दा बाग्मती प्रदेशमा सबैभन्दा बढी र त्यसपछि प्रदेश १ मा देखिएका छन् । मधेश, कर्णाली र सुदुरपञ्चिम प्रदेशमा अरु प्रदेशको तुलनामा महिला उद्यमीहरु कम देखिएका छन् । महिला र पुरुष संस्थापकको संख्यामा सामान्यतया प्रदेशहरुमा दोब्बर भन्दा धेरै भिन्नता देखिएतापनि गण्डकी प्रदेशमा सो भिन्नता तुलनात्मक रुपमा कम देखिन्छ तर मधेश प्रदेशमा सो भिन्नता सात गुणाले बढी देखिन्छ ।

## प्रतिष्ठान दर्ताको स्थिती

९,२३,३५६ प्रतिष्ठानहरु मध्ये ४६२,६०५ (५०.१%) प्रतिष्ठानहरू दर्ता भएका छन् भने महिला संस्थापक भएका प्रतिष्ठानहरुमा जम्मा ८०,३८३ (८.७१%) प्रतिष्ठानहरू दर्ता भएका छन् ।





*स्रोत: राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रिय तथ्यांक विभाग*

महिला संस्थापक भएका प्रतिष्ठानहरु दर्ता नभएको अवस्था ज्यादै गम्भिर देखिएको छ । जसले गर्दा महिला उद्यमीहरुलाई लक्षित गरिएका सेवा सुविधाहरुको लाभ लिनबाट बञ्चित भएका छन् । साथै दर्ता नगरी उद्योग व्यवसाय संचालन गर्दा महिला उद्यमीहरुका साथै त्यहाँ कार्यरत कामदार कर्मचारीहरु जोखिममा परेका छन् । श्रम ऐन, सामाजिक सुरक्षा ऐन, बित्तीय सहयोगहरु साथै महिला उद्यमीलाई लक्षित गरी बनाईएका नियम, कानून, नीति तथा कार्यक्रमहरुमा दर्ता नभएका प्रतिष्ठानहरुको कुनै स्थान हुँदैन । यति मात्र नभई राज्यको करमा योगदान नहुँदा, नियम उल्ङ्घनको जोखिम सधैं रहने हुँदा, यस्तो अवस्थाबाट महिला उद्यमीलाई माथि उठाउन अत्यन्त जरुरी भएको छ । त्यसैले दर्ता नगरी उद्योग व्यवसाय संचालन गर्नुपर्ने कारणहरु पत्ता लगाई, दर्ता गर्नुका फाइदाहरुलाई व्याख्या गरी, महिला उद्यमीहरु आफ्नो प्रतिष्ठानलाई बैधानिकता दिन प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## अन्तर्राष्ट्रियस्तरीय औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठान संख्या

केन्द्रिय तथ्यांक विभागका अनुसार संयुक्त राष्ट्र संघको तथ्याङ्क विभागले सबै आर्थिक क्रियाकलापहरूलाई २१ वटा खण्डहरूमा वर्गीकृत गरी एक अन्तर्राष्ट्रियस्तरको औद्योगिक वर्गीकरण (International Standard Industrial Classification for All Economic Activities (ISIC revision 4) प्रकाशनमा ल्याएको छ । अन्तर्राष्ट्रियस्तरको औद्योगिक वर्गीकरण (ISIC) ले आर्थिक क्रियाकलापलाई उस्तै प्रकारका क्रियाकलापहरूलाई एउटै समूहमा वर्गीकृत हुने गरी वर्गीकरण गरिएको छ । यसको प्रमुख उद्देश्य कुनै पनि देश वा क्षेत्रमा सञ्चालनमा रहेका सबै आर्थिक क्रियाकलापहरूको तथ्याङ्क सङ्कलन, दर्ता, सूचना संग्रह, तथ्याङ्क प्रशोधन, विश्लेषण, प्रकाशन र विभिन्न सूचकांक तयारी गर्न सघाउ पुऱ्याउनु हो । राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्यांकलाई पनि यसैको आधारमा वर्गीकरण गरिएको छ ।

कूल ९,२३,३५६ प्रतिष्ठानहरु मध्ये, यस वर्गीकरण अनुसार महिला संस्थापक भएका १,५३,७९९ (१६.६६%) प्रतिष्ठानहरू थोक एवं खद्राव्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भारका कार्य वर्गीकरणमा पर्दछ भने ५०,७३१ (५.४९%) प्रतिष्ठानहरू आवास तथा भोजन सेवा सम्बन्धी क्रियाकलाप वर्गीकरणमा पर्दछ । त्यस्तै गरेर औद्योगिक उत्पादनमा महिला संस्थापक भएका २३,४२१ (२.५४%) प्रतिष्ठानहरू पर्दछ । तल दिएको चार्टमा प्रमुख ५ आर्थिक क्रियाकलापहरूको वर्गीकरण मात्र देखाइएको छ ।





*स्रोत: राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रिय तथ्यांक विभाग*

यो तथ्यांक अनुसार नेपालका ५ प्रमुख आर्थिक क्रियाकलाप हुने क्षेत्रहरु थोक एवं खुद्राव्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भार कार्य, आवास तथा भोजन सेवा सम्बन्धी क्रियाकलाप, औद्योगिक उत्पादन, अन्य सेवा प्रदान गर्ने क्रियाकलाप र शिक्षा रहेका छन् । सामान्यतया, ट्रेडिङ्ग, सेवामूलक र उत्पादनलाई नै प्रमुख आर्थिक क्रियाकलाप मानिएको छ भने नेपालको सन्दर्भमा पनि यो तथ्यांक अनुसार यहि नै झल्काएको छ । यद्यपी यो अन्तर्राष्ट्रियस्तरको औद्योगिक वर्गीकरणमा आधारित भएको तथ्यांकलाई हेर्दा, नेपालको व्यापारिक क्षेत्रको सही चित्र हेर्न, यसमा थप जानकारी आवश्यकता देखिन्छ ।

## प्रतिष्ठानहरुमा संलग्न जनशक्तिको आकार

कूल ९,२३,३५६ प्रतिष्ठानहरुमा जम्मा ३२,२८,४५७ जनशक्ति संलग्न रहेका छन् । सो ३२,२८,४५७ जनशक्ति मध्ये ४,९०,११४ जनशक्ति (१५.१८%) महिला संस्थापक भएका प्रतिष्ठानहरूमा संलग्न रहेको पाइन्छ ।





*स्रोत: राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रिय तथ्यांक विभाग*

महिला संस्थापक भएका प्रतिष्ठानहरूमा प्राय आफै मात्र एकल जनशक्तिको रुपमा कार्यरत भएको तथ्यांकले देखाएको छ । प्रतिष्ठानलाई दर्ता गरेको/नगरेको स्थिति पनि यसले चित्रण गर्दछ । महिला उद्यमीहरुबाट संचालित उद्योग प्रतिष्ठानको विकास एवं प्रवर्द्धनका लागि यी उद्योग प्रतिष्ठानलाई कानुनी रुपमा बलियो बनाई विभिन्न सेवा सुविधा एवं सहुलियतपूर्ण प्याकेजहरु उपलब्ध गराई उनीहरुलाई प्रोत्साहन दिन जरुरी देखिन्छ ।

## नेपालमा औद्योगिक वर्गीकरण अनुसार जनशक्तिको आकार

नेपालमा औद्योगिक वर्गीकरणलाई हेर्दा महिला संस्थापक भएका प्रतिष्ठानहरुमा सबैभन्दा बढी थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भारमा २,५४,५३१ जनशक्ति र आवास तथा भोजन सेवा सम्बन्धी क्रियाकलापमा ९९,१३१ जनशक्ति संलग्न रहेका छन् । त्यस्तै गरेर औद्योगिक उत्पादनमा ५७,०६६ जनशक्ति संलग्न रहेका छन् ।





*स्रोतः राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रिय तथ्यांक विभाग*

**स्वभाभिक रुपमा, धेरै जनशक्ति प्रमुख ५ आर्थिक क्रियाकलापमा नै छन् । बर्तमान अवस्थामा नेपालको बजारमा कस्ता जनशक्ति रोजगारीमा छन भन्ने कुरा यो तथ्यांकले बताउछ भने भोलिको दिनमा नेपालको आर्थिक अवस्थामा सुधार ल्याउन कस्ता जनशक्ति पैदा गर्नु पर्छ भन्ने मार्गदर्शन पनि दिन सक्छ । यद्यपी आवश्यक सीप र तालिमबारे र सो जनशक्तिको स्तर र क्षमताबारे बताउन थप तथ्यांक बिश्लेषण गर्न जरुरी देखिन्छ ।**

## बार्षिक बिक्रि, खर्च र नाफा/नोक्सानी

**महिला संस्थापक भएका प्रतिष्ठानहरूको बार्षिक बिक्रि (रु. दश लाखमा) २,३८,०८.८७ देखिन्छ भने बार्षिक खर्च (रु.दश लाखमा) १,६६,१२४.३८ देखिन्छ र बार्षिक नाफा/नोक्सानी मार्जिन ३०.२३% रहेको छ । पुरुष संस्थापक भएका प्रतिष्ठानहरूको बार्षिक बिक्रि र खर्च महिला संस्थापक भएका प्रतिष्ठानहरूको तुलनामा आठ गुण भन्दा बढी छ भने बार्षिक नाफा/नोक्सानी मार्जिन २७.५९% रहेको छ ।**




*स्रोतः राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रिय तथ्यांक विभाग*

**यस अध्ययनले देखाएको नेपालको औद्योगिक वर्गीकरण अनुसारको अवस्थालाई तुलनात्मक रुपमा बिषलेश्ण गरेर प्रतिष्ठानहरुको अवस्थामा सुधार ल्याउन अथवा यस्तो अवस्था किन सृजना भयो भन्ने कुरा बुझ्न थप अध्ययन अत्यन्त आवश्यक भएको छ ।**

## निश्कर्ष

**राष्ट्रिय आर्थिक गणना २०७५ ले दिएका तथ्यांकहरुलाई आधार मानी, महिला उद्यमीको बस्तु स्थितीमा परिवर्तन ल्याउन, स्वंयम महिला उद्यमी नै लाग्नु पर्ने हुन्छ । उद्यम गर्न चाहिने आवश्यक जानकारी कहाँ र कसरी उपलब्ध हुन्छ, उत्पादन गरेको बस्तु वा सेवा कसरी उत्कृष्ट बनाउने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको अवस्था र पहुँच, प्रविधि प्रयोग गर्ने तरिका, उद्यमशीलतामा नविनतम सोच जस्ता आदि कुराहरुमा महिला उद्यमीहरुले बुझ्न जरुरी छ । आत्मनिर्भर भई अरुलाई पनि रोजगारी सृजना गर्ने क्षमता बृद्धि गर्ने महिला उद्यमीहरुको लक्ष्य हुनु पर्दछ । यसमा सरकारले पनि ऐन नीति नियमहरुमा गरिएका व्यवस्थाहरु महिला उद्यमीमैत्री बनाईनु पर्ने साथै समयानुसार परिमार्जन गर्दै लैजानु पर्ने आवश्यकता भएको छ । साथै महिला उद्यमीहरुका लागि प्रदान गरिएका सेवा सुविधाहरु उपलब्ध गर्न आवश्यक प्रक्रियाहरु सहज बनाईदिन पर्दछ ।**

# Everything is possible when you ‘BELIEVE’

Reeta Simha ........................................................

As a child I always dreamt to be independent. It became easy to fulfill my dream because my parents gave me the best education, they never discriminated us daughters. Furthermore, I got married in 1983 to a household who was progressive and my mother -in – law was the first professional photographer in Nepal. She had established a colour processing Lab “COLORAMA” and retail souvenir outlets in all the 5 star hotels. With her guidance I learned how to process negatives in dark room and print colour photos. I was always inspired by her hard work and dedication.

Meanwhile in 1987 I founded Triyog Higher Secondary School with my cousin sisters to impart quality education to children in Nepal. For the first year I was involved totally establishing the school and I even taught class 1. When my father –in –law was appointed as Ambassador to UK and Scandinavian countries in 1988, with the insistence of my mother – in –law I joined the family business once again.

In 1989 December I was appointed coordinator by Norwegian Import Promotion office for product from Developing countries (NORIMPOD) for two weeks training in hand-knitting by a professional Designer from Norway. In 1990 visited Oslo Fashion Fair at the invitation of NORIMPOD. Nepalese hand –knitted sweaters “Attitude Collection” was selected for the prestigious Trend Show. Hard work definitely pays!

In 1989 during my visit to Japan, in one occasion a lady commented “your saree is beautiful, is it your national dress? Is it made in Nepal? Yes it is my national dress but was so ashamed to say my national dress was not made in Nepal. This left a deep impression in me.

Again with the help of my mother –in- law I met Susi Dunsmore, a craft teacher by profession, who had developed Dhaka weaving for contemporary wear. She was looking for people to market the products. So taking this as an opportunity I accompanied Susi to Terathum. When I met the weaver Ujjalata Subba, my immediate question to her was whether she could make 45” width Dhaka fabric? Her prompt response was No! Who would buy? I told her I would and thus the journey began of Dhaka Sarees and now I can proudly say that – Yes it is my national dress and it is made in Nepal!

I always wanted the Dhaka weaving to be centred in Terathum and I had organized an efficient lady Angdiku Sherpa to collect the orders placed and bring it to Kathmandu. In 1989 I registered a company Aama Impex and in 1992 I opened a showroom “CREATION NEPAL” in Thamel. We were participating in exhibitions and in 1993 Aama was awarded the best decorated stall in the exhibition organized by Handicraft Association Nepal (HAN/ZDH) As the popularity of Dhaka was gaining many people lured the weavers to Kathmandu and left them in the lurch, so I took these weavers and established a weaving factory in Kaldhara and registered Aama Craft as a manufacturing unit.

In 1993 with the help of a Norwegian Consultant Ms. Ingrid Hordevi I applied for a training program on Export Marketing and Export Market Research, organized by PRODEC ( Program for Development Co-operation at the Helsinki School of Economics), financed by SWEDECORP, Swedish Development Corporation and FINNIDA (Finnish International Development Agency. Since they were looking for women participants, they immediately sent a reply saying they were coming to interview me. The first question they asked me was, if you are selected you will be the only woman to travel with 17 Business men to Europe. My prompt answer was no problem I am a business woman I am used to that, but that whole night I could not sleep. The training was a turning point in my life.

We had to submit our company profile before hand and in the first meeting with the expert- Mr. Fred Marsh, his comment was 'lady your English is excellent'. When I consulted with the Designer John Ballyon on the colour combination, he turned and said 'lady I have been watching you and you have an eye for colours. These comments really motivated me and I gained my self confidence which is a secret to success!

The Market Research report for the market for Nepalese handwoven table linen of cotton in Sweden was prepared after one month coaching in Helsinki and the report was published by PRODEC, eventually we were awarded Diploma certificate from the Helsinki School of Economics and Business Administration.

After I returned my business was growing so I shifted to Imadol which was formerly a carpet factory. We started exporting Dhaka placemats, coasters and napkins to Japan for their tea ceremony. Dhaka silk sarees and dupattas were exclusively bought by Weavers Studio, Calcutta. Meanwhile due to buyers demand we started producing Pashmina and from 1994 – 2000 there was a boom for Pashmina from Nepal. I was fortunate to get orders from Dubai Duty Free. In one month Aama was exporting 10,000 pcs of Pashmina. I had organized two other factories for particular designs and my own factory produced the required designs of Pashmina. With efficient staff and strict quality control we were very successful. In 2000 according to FHAN circular Aama Impex was the fourth largest exporter of Pashmina.

In 1995 September I co authored a report on Micro-enterprise Services in Nepal: Recommendations for USAID involvement through Gemini Project. In January 1997 I was selected by GTZ to participate in the Home Textile Frankfurt Trade Show. In September 2000 participated in Women into the new Network for Entrepreneurial Reinforcement Project/ Technology and Trade Information Promotion System (WINNER/ TIPS). In December 2000 the same project selected me as the keynote speaker from Nepal at the WINNER Assessment meeting in Bucharest, Romania, sponsored by UNIFEM, NEW YORK and DEVNET Association Rome.

In December 2005 participated in Technical workshop on GEMS, capacity building ROAP-ILO member states, Bangkok, Thailand. In January 2006 completed the Top Management Seminar for Bangladesh and Nepal (BNTP) organized by the Association for Overseas Technical Scholarship (AOTS) Osaka, Japan.

In 2013 received the Entrepreneurship Award from the Ministry of Industry. In 2015 I was awarded the Successful Woman Entrepreneur by SCWEC (SAARC Women Entrepreneurs Council) New Delhi. In 2016 I was appointed as Designer by Asian Heritage Foundation (AHF) to work with rural women to upgrade their skills in natural fibres.

After two decades of being in the business I got involved in WEAN, WEAN COP, FWEAN, NPIA, FHAN. It has been a good platform to advocate with the Government and relevant stakeholders about the issues and challenges women are facing and as an organizational approach – its being heard.

As a social entrepreneur leading organisations like FWEAN and now as Chairperson of Women Entrepreneurship Development Committee of FNCCI, I feel there are lot of possibilities to develop raw materials in Nepal. My vision has always been to see more Women Entrepreneurs to become successful industrialists contributing to economic empowerment and thus contributing to Nation building. As an ardent advocate of developing raw materials in the country, I had an opportunity as an executive member of Pashmina Association of Nepal, through the Pashmina Enhancement Trade Support project (PETS), I firmly insisted that Chyangra Pashmina from Mustang has to be promoted instead of importing Pashmina fibre from China. Due to this I was nominated to be in the Core Committee of the project, and finally this has led to the establishment of Pashmina fibre processing plant in Mustang District. Hope this would set an example to promote raw materials processing in Nepal, which would reduce the trade deficit and also contribute to employment and income generation in the country.

# उद्यमी र उद्यमशीलता

प्रमिला चण्डि श्रेष्ठ

उद्यमी र उद्यमशीलता एक आपसमा सम्बन्धित छन् । उद्यमीले उत्पादनका सामाग्रीहरु संकलन गर्ने र तिनिहरुलाई नयाँ प्रविधि र सीपको प्रयोगद्वारा वस्तु उत्पादन गर्ने जोखिम वहन गर्दछ । उद्यमशीलता भनेको आर्थिक वस्तु तथा सेवाहरु उत्पादन र वितरण गरेर नाफा आर्जन गर्ने, नाफा कायम गर्ने वा बृद्धि गर्न गरिने एउटा व्यक्ति वा सम्बद्ध व्यक्तिहरुको समूहको उद्देश्यमूलक क्रियाकलाप हो । उद्यमशीलता भनेको कुनै व्यवसाय वा आर्थिक क्रियाकलाप संचालन गर्ने गरिने समष्टिगत क्रियाकलापहरुको समग्रता हो । यसभित्र क्रियाकलाप, अभ्यास, प्रयास, समर्पण, प्रतिबद्धता, जोखिम, नाफा र कौशलता एकैचोटि आएका हुन्छन् ।

हाम्रो समाजमा संचालन गरिने कुखुरापालन, मौरीपालन, बाख्रापालन, सुंगुरपालन, माछापालन, व्यावसायिक तरकारी खेती, साना कुटीर उद्योग, माटाका भाँडा बनाउने काम, आरन, सिलाई बुनाई, छपाई, रङ्गाई, व्यूटीपार्लर आदि उद्यमशीलताका उदाहरणहरु हुन् । एउटा उद्यमीले जोखिम र चुनौतिसंग सामना गर्दै वस्तु तथा सेवा उत्पादन गर्ने संचालित व्यवसायको शुरुदेखि अन्त्यसम्मका क्रियाकलापहरुको एकमुष्ठ रुप नै उद्यमशीलता हो । उद्यमशीलता धन आर्जन गर्ने गतिशील प्रक्रिया हो । जिविकोपार्जन गर्ने माध्यम हो । संगठन हो । नवप्रवर्तन हो । उत्प्रेरणा हो । सिर्जना हो । जोखिम वहन गर्ने क्षमता अनि नेतृत्व हो ।

## उद्यमशीलताको महत्व :

**रोजगारीको अवसर :** उद्यमशीलताले स्थानिय स्तरमा हुने रोजगारीको अवसरहरु सिर्जना गर्दछ । वर्षेनी विदेशिन बाध्य भएका साथै बेरोजगार बेरोजगार युवायुवतीहरुको दक्षता, क्षमता, सीपलाई उत्पादनमा प्रयोग गरी उनीहरुलाई रोजगार दिने काम उद्यमशीलताले गर्दछ ।

**श्रोतहरुको परिचालन :** उद्यमीले खेर गइरहेको श्रोतहरुलाई पहिचान गरी त्यसलाई सही रुपमा परिचालन गर्दछ । श्रोतहरुमा पनि मानविय श्रोत र प्राकृतिक श्रोत बढी महत्वपूर्ण मानिन्छन् । यसैको परिचालन गरी धेरै उद्योगहरु संचालन गर्न सकिन्छ । कुन श्रोतको के र कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा उद्यमीले अध्ययन, अनुसन्धान गर्ने भएकाले यस्ता श्रोतहरुको अत्याधिक प्रयोग गर्दै आर्थिक प्रगतिको दिशातर्फ अग्रसर सहयोग पुग्दछ ।

**परम्परागत उद्योगको सुधार :** उद्यमीहरु उद्यमशीलताको विकास गर्दै अगाडी बढेपछि परम्परागत रुपमा संचालन भएका उद्योगहरुले परिवर्तन स्वरुप नयाँ रुप धारण गर्छन् । नयाँ वस्तु, नयाँ प्रवृत्ति, नयाँ श्रोत तथा नयाँ बजारको स्थापनामा उद्यमीको महत्वपूर्ण योगदान रहन्छ ।

**आवश्यकताका पूर्ति :** उद्यमशीलताले मानिसका अवशयकताहरुको प्रतिनिधित्व गर्दै आर्थिक कारोबार गर्दछ । उपभोक्ताले सो सेवा गर्दछन्, जसबाट सरकार, उद्यमी र कामदार तिनै पक्षका आवश्यकता पूरा हुन्छन् ।

**लगानीमैत्री वातावरणको विकास :** ग्रामीण क्षेत्रमा कुनै पनि उद्योग स्थापना गर्नका लागि लगानीमैत्री वातावरण आवश्यक हुन्छ । मुख्यगरी लगानीमा समस्या नभएमा विभिन्न खालका उद्योग संचालनमा आउँछन् । नयाँ प्रकृतिको उद्योग व्यवसायमा लगानी गर्दा अर्थतन्त्रमा सक्रियता आई आर्थिक बृद्धि हुन्छ ।

**वस्तु निर्यातमा प्रवर्द्धन :** उद्यमीहरुले नयाँ वस्तु उत्पादन गर्ने, आफ्नो उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा पुऱ्याउन हरपल प्रयासरत सहन्छन्, जसले गर्दा उत्पादनमा विविधिकरण र विशिष्टीकरण हुन पुग्दछ ।

**गरिबी निवारण :** उद्यम र उद्यमशीलता राष्ट्रिय रुपमा गरिबी निवारणका लागि शक्तिशाली औजारको रुपमा विकशित भइसकेको छ । उद्यमशीलताले श्रोतहरुको परिचालन गरी समाजमा काम गर्ने अवसर सिर्जना गर्दछ । बेरोजगारी श्रमिकले आयआर्जन गर्ने मौका पाउँछन् । उसको आम्दानी बढ्न गई क्रय शक्ति बढ्छ । गरिबी घट्ट जीवनस्तरमा सुधार आउँछ । अन्ततः उद्यमशीलताको विकासले समग्र देशको आर्थिक विकासमा ठूलो टेवा पुग्छ ।

# रसायनिक मललाई विस्थापित गर्न सकिन्छ

शान्ता बाँस्कोटा कोइराला

यतिबेला आम मानिसले सोच्ने पहिलो कुरा भनेको नै आफ्नो र परिवारको स्वास्थ्यको कुरा नै हो । मानिसहरु आफ्नो स्वास्थ्यप्रति धेरै नै सचेत हुँदै गइराखेको अवस्था देखिन्छ । साथै गाँस, बास र कपास अनिवार्य आवश्यकता भने झैं खाद्य सुरक्षा, पोषण सुरक्षा, सन्तुलित आहार आजको आवश्यकता बनिसक्दा पनि हामी हाम्रो उत्पादनलाई कसरी स्वास्थ्यकर बनाउने भन्ने विषयमा भने गहिरिएर बुझ्न खोजेको जस्तो अवस्था भने देखिदैंन । आज हरेक मानिस स्वास्थ र निरोगी बन्न खोजिरहेको छ । हाम्रो मात्रै होईन विश्वभरिका मानिसको स्वास्थ्यको पहिलो आधार भनेको उसले दैनिक उपभोग गर्ने खाद्य बस्तु नै हो । एकातर्फ मानिस स्वस्थ हुन चाहन्छ तर अर्को तर्फ खाद्य वस्तु कसरी उत्पादन भइरहेको छ भन्ने हेक्का राख्दैन । हामीले दैनिक उपभोग गर्ने खानेकुराको उत्पादन नै अस्वस्थ्य छ भने त्यसबाट हामी स्वस्थ हुने कुरा कसरी सम्भव छ र । त्यसैले आफु र आफ्नो परिवारलाई स्वस्थ राख्न हाम्रो खाद्य सामग्रीको उत्पादन पनि स्वस्थ हुनु पर्छ ।

यतिबेला हाम्रो देशको पहिलो समाचार बनेको छ 'युरीया मलको अभाव' । अनि सरकार अर्को देशसंग पैंचो मागेरै भए पनि युरीया मल भित्र्याउने ध्याउन्नमा लागेको छ । हाम्रो देश युरिया मलमा मात्र अल्झिरहेको आभाष भैरहेको देख्दा, सुन्दा म पनि एक जैविक, बैद्धिकबाट पनि यो सम्भव छ भनेर लडिरहेको एक अभियन्ता भएको हिसावले आज मलाई यस्ता समाचारले उठाएका केही बिषयमा नलेखि बस्न सकिन । मल भन्नाले रासायनिक र प्राङगारीक दुवैलाई बुझाउछ । तर आज पनि हामी मल भन्ना साथ रसायनिक मात्र बुझ्ने गरेका छौं । तर, प्राङगारीक पनि मल हो भनेर किन बुझिदैन ? यसको अभ्यास नभएर ? नजानेर ? की प्राङगारीक भन्ने मल प्रमाणित नभएर ? यस्ता धेरै प्रश्नहरु मेरो मानस पटलमा आइरहदा, व्यवहारिकता हेर्दै जादा, गाँउगाँउको पुरानो खेति प्रणाली बुझ्दै जादा किन यति धेरै फरक रसायनिक मल र प्राङगारीक मलमा कुरो सारै गहिरो रहेछ । हामी जस्ता किसानले त बुझ्न पनि गाह्रो, बुझाउन पनि अफठ्यारो । व्यवहारमा उतार्न त झनै गाह्रो रहेछ भन्दा अतियुक्ति नहोला ।

नेपालमा मलको इतिहास त्यति पुरानो देखिदैन । नेपालमा १९५० को दशकमा भारतबाट रसायनिक मल निजि क्षेत्र मार्फत आयात सुरु गरेको इतिहास छ । यसमा पनि मल अनुदान त धेरै पछि १९७३/७४ तिर उत्पादन बढाउन होडबाजी चलिरहेको बखत मलको मूल्यबृद्धिको कारण अनुदानको व्यवस्था गरेको तथ्याङ्कले देखाउँछ । यी सबै हेर्दै जादा १९५० को दशक अगाडि अन्नबाली उत्पादन हुँदैन थियो त ? पक्कै पनि हुन्थ्यो । इतिहास हेर्दै जादा कुनै समयमा त हामी हाम्रो उत्पादनहरु निर्यात गर्थिऔं । सकेसम्म आयात गर्दैनौं थियौं । तर आज आइपुग्दा कृषि प्रदान देश भन्न छाडेका छैनौं तर हाम्रै देशमा उत्पादन गर्न सकिने खाद्य बस्तुहरु पनि आयात गर्दैछौं ।

के यो सबै युरिया मल नपुगेरै हो त । खै हामीसँग अध्ययन अनुसन्धान र तिनले निकालेका तथ्याङ्क ? खै हामीसँग अरु उत्पादन बढाउने नीति, नियम र कार्यान्वयनका पक्षहरु ? कति धेरै प्रश्न गर्ने ? खै हाम्रो बाँझो खेतमा अन्न उत्पादन गर्ने इच्छा शक्ति र सामर्थ्य । सरकारको नीति नियम र योजना के ? अनि पनि भन्ने रसायनिक मलको कमी भएका कारणले उत्पादनमा ह्रास आएको भनेर ? के आजको समस्याको समाधान आयतित मल हो? रसायनिक मल नै उत्पादनको श्रोत हो भन्ने कुरालाई म मान्न सक्दिन किनकि माथि नै भनि सक्यौ आजको आवश्यक्ता स्वाथ्यकर उत्पादनहरु उत्पादन गरि स्वाथ्य रहि उत्पादन बढाउनु हो । यसका लागी सरकारले पहलका साथै प्राङ्गारिक मल उत्पादन गर्न व्यवसायिहरु, उत्पादकहरु, किसानहरुलाई बुझाउने आवश्यक्ता पुरा गर्न पहल कदमि किन नचाल्ने ?

यस मानेमा किसान, मल उत्पादक र सरकार एउटा थलोमा बसेर किन समाधान नगर्ने र आज प्रङ्गारिक मल करखाना खोल्ने व्यवसायीहरु किन आवाज वुलन्ध गर्न सक्दैनन ? किन सरकारलाई विकल्पका रुपमा प्रङ्गारिक मलको आवश्यक्ताका बारेमा किसानले बुझाउन सक्दैनन् के सरकारले गरेन मात्र भन्ने कि बुझाउने र समस्या सुल्झउन तर्फ लाग्ने यो मेरो अर्को प्रश्न रहेको छ ।

हामी प्रङ्गारिक मल लाएर उत्पादन गर्ने बढाउने र राष्ट्रिय अन्तराष्ट्रिय बजारमा पुऱ्याउन सक्ने सम्मको चुनैति बोकेर आज यसको संभावना आवश्यक्ता र चुनैति लाई समाधान गर्दै यो अवस्थामा आउन सकिने दावि गर्न चाहान्छौ । तर एक जनाको प्रयास र साहसले पक्कै पनि यो संभव छैन । यो संभव छ त सरकार, किसान र मल व्यवसायी हरुको नि-स्वार्थ लगनशिलता र सरकारको परिर्वतित सोच स्वाथ्यकर उत्पादन गर्ने योजना र विकासको कडि समाउन सक्ने चावि खोज्न र यस्मा लागेका किराहरुले जसरी माटो विगारी सके त्यसै गरि निकास दिन सक्ने लामो रणनितिक योजना नल्याए सम्म यो समस्या हिजो जे थियो आज तेहि हुँदैछ र भोली तेहि हुनेछ ।

तर हामी सबैले घर घरबाट प्रङ्गारिक मल उत्पादन गर्न सहयोग पुऱ्याउनु पर्ने बेला आइसकेको छ । हामीले फालेका तरकारी, फलफुल, दाल भात यो सड्न र गल्न सक्दछन् एक टोकरीमा राख्न सरु गऱ्यौ र प्लास्टिक जन्य वस्तुहरु अर्को टोकरीमा राख्न सुरु गऱ्यौ भने सहर बजारमा भने त्यसैगरि गाँउघरमा व्यात्तिगत र सामुहिक सहकारी मार्फत मल वनाउन सरु गऱ्यौ तथा सामुहिक र व्यात्तिगत रुपमा गाई भैसि बाख्रा सुगुर आदि जनावरहरुको पालनको काम गरौं जसमा सरकारको सस्तो रुपमा ऋण अनुदान सहयोग रहोस । योजनावद्ध ढगबाट काम सरु गरौं । हामी आफै ३/४ वर्षमा मलमा आत्मनिर्भर बन्न सक्दछौ । स्वस्थकर उत्पादनहरु उत्पादन गरि स्वस्थ रहि वातवरण समेतलाई सन्तुलनमा ल्याउन महत्वपुर्ण योगदान रहने छ । माटो सप्रिनेछ उत्पादनहरु स्वस्थकर रहने छन् मानिसहरु स्वास्थकर उत्पादनहरु प्रयोग गरि मानसिक शारिरीक रुपमा स्वाथ्य रहनेछन् सोचमा परिवर्तन आउने छ ।

किसानहरु रातदिन मल नपाएको विलाउना र गुनासाहरु गर्न छोड्नेछन् । बाटा बटामा बसेर विरह गाउन छोड्छन् । ट्रक ट्रकबाट मलका बोराहरु लुटिने छैनन् । मल माथिका बिचौलियाहरु सेलाउदै जानेछन । सरकारले किसान र व्यवसायिहरुलाई विश्वास दिलाउन सक्नु पऱ्यो काम गराउनु पऱ्यो सहयोग पुऱ्याउनु पऱ्यो आजैबाट सरु गरौं, भोलि नपछुताउ ।

- समस्याबाट नै समाधान निस्किन्छ,
- आवश्यक्ताबाट नै समस्या समाधान हुन सक्छ ।
- राम्रो काम गर्न कुनैदिन ढिला हुदैन, सरु गर्न आट र हिम्मत, क्षमता र दक्षता चाहिन्छ ।
- माटो सुधारौं, उत्पादन बढाउ, स्वस्थ रहौं, समृद्व बनौं ।

# महिला उधमीहरुलाई अवसर र चुनौती

राज्यलक्ष्मी शाक्य

२१औं शताब्दीको महिलाहरुले उत्पादनमूलक हस्तकलाका सामाग्रीहरु हाल निकै लोकप्रिय भएका छन् । सोहि अनुरुप हामीले बनाउने, उत्पादन गर्ने विभिन्न बस्तुहरु स्वदेश तथा बिदेशमा व्यापार प्रवर्द्धन गर्ने अवस्था हुँदाहुदै पनि स्तरीय सामानको अभावमा माग अनुसार सामान दिन सकिरहेका छैनौं ।

तथापि अब हामीले उत्पादनमूलक सामानहरु व्यवस्थापन गर्न र बजारमा लैजान लोकप्रिय हस्तकलाका सामाग्री एकैथलोमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध हुनेगरि "राष्ट्रिय हस्तकला ग्राम" संचालनमा ल्याउन निकै ढिलासुस्ती भएकोले यसलाई गम्भीरतापूर्वक कार्य गर्न नेउवा महासंघ र नेपाल सरकारलाई उधमीहरुको तर्फबाट ध्यानाकर्षण गराउन चाहन्छौं । नेपालीको आफ्नो मौलिक संस्कृति पहिचानका सामाग्रीहरुलाई साते प्रदेशमा स्तरीय उत्पादनमा ध्यान दिएर बजारीकरण गर्ने तर्फ ध्यान दिने हो भने हामी




उधमीहरुले अझै रोजगारी सिर्जना गर्न गराउन सकिने छ भन्ने स्मरण गराउन चाहन्छौं ।

हाम्रा हस्तकलाका सामाग्रीहरु युरोप, सार्क मुलुक साथै अमेरिका लगायत अन्य मुलुकमा तीव्रताका साथ निर्यात हुन थालेका छन् । सोहि माग बमोजिमका स्तरीय सामानहरु उत्पादन गर्न सकेमा आर्थिक क्रान्ति हुने कुरामा ढुक्क छौं ।


हिजोआज बजारमा पाउने हस्तकलाका बस्तुहरु सरकारी, गैरसरकारी, निजीक्षेत्र, नेपाल एन.आर.एन.लगायतका क्षेत्रहरुमा निकै लोकप्रियका साथ प्रयोगमा आइरहेको अबस्था छ । अब हामी महिला उधमीहरुले यस कार्यलाई अवसरको रुपमा लिएर अझै फरक ढंगले कार्य गर्न ऐक्यबद्धता जनाउनु पर्ने देखिन्छ ।

अन्तमा "स्वदेशी सामान प्रयोग गरौं" आर्थिक समृद्धि अभियानमा सहकार्य गरौं भन्ने भावका साथ "एक घर एक उत्पादन कार्यमा तीव्रता दिउँ ।


# महिला उद्यमी विकास समितिले आफ्नो कार्यकाल २०७७ देखि २०७९ सम्ममा गरेका मुख्य कार्यहरुको संक्षिप्त विवरण




"महिला उद्यमीहरुले सामना गर्नु परेका समस्याको पहिचान गर्ने साथै समस्या समाधानका उपायहरुको खोजी गर्ने" उद्देश्यले मिति २०७८ साल बैशाख १५ गते प्रदेश नं. १ का महिला उद्यमीहरुसंग भर्चुअल अन्तरक्रिया



"महिला उद्यमीहरुले सामना गर्नु परेका समस्या एवं समस्या समाधानका उपायहरुको पहिचान गर्ने" उद्देश्यले मिति २०७८ साल श्रावण २० गते गण्डकी प्रदेशका महिला उद्यमीहरुसंग भर्चुअल अन्तरक्रिया



महिला उद्यमीहरुलाई आफना् उद्योग व्यवसायमा कार्यरत "कामदार तथा कर्मचारी व्यवस्थापन एवं श्रम ऐनमा भएका व्यवस्थाहरु जानकारी गराउने" उद्देश्यले मिति २०७८ साल श्रावण २७ गते सातैवटा प्रदेशका महिला उद्यमीहरुसंग भर्चुअल अन्तरक्रिया





"महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणमा सहयोग पुऱ्याउने" उद्देश्यले मिति २०७८ साल भाद्र ९ गते सातैवटा प्रदेशका महिला उद्यमीहरुसंग भर्चुअल माध्यमबाट छलफल कार्यक्रम



समितिले काभ्रे उद्योग वाणिज्य संघ र एनएमबि बैंकको सहयोग एवं सहकार्यमा मिति २०७८ साल चैत्र ११ गते बनेपा, काभ्रेमा, "महिला उद्यमीहरुका लागि वित्तीय साक्षरता" सम्बन्धी कार्यक्रम




समितिले सुप्रभात कानूनी सेवा सदन र ब्लिज मिडियाको सहकार्यमा २०७८ चैत्र ११ गते ललितपुरमा आयोजना गरेको ग्लोबल मेन्टरिङ वाक (Global Mentoring Walk) कार्यक्रम



समितिले U.S. Embassy, Book Bus को सहकार्यमा मिति २०७८ भाद्र ३०, ३१ र आश्विन १ गते आयोजना गरेको The Moving Forum: Women Entrepreneurs Across Nepal विषयक तीन दिने भर्चुअल अन्तरक्रिया




महिला उद्यमीहरुका समसामयिक समस्या एवं सुझाव सहित समितिका ७ सदस्यीय टोलीले २०७९ साल जेठ २५ गते उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका तत्कालिन उद्योग सचिव श्री अर्जुनप्रसाद पोखरेलसंग भेटघाट एवं छलफल । सोही दिन उक्त टोलीले तत्कालिन वाणिज्य तथा आपूर्ति सचिव श्री गणेश प्रसाद पाण्डेसंग समेत भेटघाट गरी सुझाव पेश





समिति, कीर्तिपुर नगर उद्योग वाणिज्य संघको सहकार्य एवं एनएमबि बैंकको सहयोगमा २०७९ साल श्रावण २३ गते कीर्तिपुरमा "महिला उद्यमीहरुका लागि वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम" आयोजना





समितिले काभ्रे उद्योग वाणिज्य संघको सहकार्य एवं सिद्धार्थ बैंक लि सहयोगमा यही २०७९ मंसीर २७ गते नाला, बनेपामा महिला उद्यमीहरुका लागि वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम आयोजना



महिला उद्यमी विकास समिति र घरेलु तथा साना उद्योग समितिको संयुक्त पहलमा लघु, घरेलु, साना तथा मझौला उद्योगहरुको विकास, विस्तार एवं प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकार, उद्योगी व्यवसायी एवं सरोकारवाला निकायहरुको सहभागितामा २०७९ माघ ९ गते काठमाडौमा बृहत रुपमा "SME Summit" आयोजना




२०७९ साल जेठ १२ गते अध्ययन अवलोकन भ्रमणको सिलसिलामा महासंघमा आएका मकवानपुरका महिला उद्यमी व्यवसायीहरुलाई स्वागत एवं छलफल कार्यक्रम

# महिला उद्यमी विकास समितिः एक परिचय

- नेपाल उद्योग वाणिज्य महासंघ नेपाल भरका उद्योगी व्यवसायीहरुको छाता संगठन भएको र सबै उद्योगी व्यवसायहीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गरी देशको आर्थिक तथा सामाजिक विकास गर्नु नै महासंघको प्रमुख उद्देश्य रहेको छ ।
- महासंघको विधान अनुसार उद्योग व्यवसायसंग सम्बन्धित १७ वटा क्षेत्रगत समितिहरु गठन गर्नुपर्ने प्रावधान रहेको छ ।
- वर्तमान कार्यकारिणी समितिको कार्य अवधि (२०७७-२०७९) सम्म कार्यकारिणी समितिका सदस्य श्री रीता सिंहको सभापतित्वमा ३७ सदस्यीय महिला उद्यमी विकास समिति गठन भएको छ ।
- समितिले उद्योग व्यवसाय एवं महिला उद्यमीहरुको विकास, विस्तार एवं प्रबर्द्धनका लागि नेपाल सरकार, दातृ निकाय एवं सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय एवं सहकार्य गरी कार्य गर्दै आएको छ ।

**लक्ष्य :**

महिला उद्यमीहरुलाई प्रतिस्पर्धात्मक किसिमले अगाडी बढाउने र राष्ट्रिय अर्थतन्त्रको विकासमा महिला उद्यमीहरुको योगदान बढाउने कार्यमा सहयोग एवं समन्वय गर्ने ।

**उद्देश्य :**

- महिलाहरुलाई उद्यमशीलता तर्फ संलग्न गराउने कार्यमा सहयाग गर्ने ।
- महिला उद्यमीहरुको क्षमता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।
- नेपाल सरकारका साथै गैर सरकारी एवं अन्य सराकोरवाला निकायहरुमा समन्वय गर्ने एवं प्रतिनिधित्व गर्ने ।


- उद्योग व्यवसाय तथा महिला उद्यमी संग सम्बन्धित नीति ऐन, नियम एवं सम्बन्धित विषयहरुमा तालिम, गोष्ठी, सेमिनार एवं अन्तकृया जस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु आयोजना गर्ने । कार्यक्रमबाट प्राप्त सुझावहरु कार्यान्वयनका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुमा पेश गर्ने ।
- समग्र महिला उद्यमीहरुको माध्यमबाट देशको आर्थिक तथा सामाजिक विकास गर्ने ।

**कार्यक्षेत्र :**

- महिला उद्यमीहरुको प्रबर्द्धन र यससंग सम्बन्धित नीति, ऐन, कायक्रम सम्बन्धमा कार्य गर्ने ।
- महिला उद्यमी विकास कार्यक्रम तथा योजनाहरु तयार गर्ने ।
- महिला उद्यमीहरुले सामना गर्नुपरेका समस्या र त्यसको निराकणका लागि सम्बन्धित निकायमा पहल गर्ने ।
- महिला उद्यमी सगं सम्बन्धित अन्य विषयहरुमा कार्यहरु गर्ने ।
- नेपाल उद्योग वाणिज्य महासंघका अन्य समितिहरु संग समन्वय गरी कार्य गर्ने ।


**जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघंहरुमा महिला उद्यमी विकास समिति**

समितिले महासंघका सदस्य संघ जिल्ला तथा नगरस्तरिय उद्योग वाणिज्य सघंहरुमा महिला उद्यमी विकास समिति गठन गर्ने कार्यलाई प्राथमिकता दिएको छ । २०७९ बैशाख १८ गते सम्म प्राप्त जानकारी अनुसार कुल ११७ उद्योग वाणिज्य संघहरु मध्ये ६२ वटा उद्योग वाणिज्य संघहरुमा महिला उद्यमी विकास समिति गठन भएको छ ।




*स्रोतः नेउवामहासंघ*

प्रदेश १ को २७ वटा उद्योग वाणिज्य संघ मध्ये १६ वटामा महिला उद्यमी विकास समिति गठन भएको छ भने मधेशको १५ वटा उद्योग वाणिज्य संघ मध्ये ५ वटामा महिला उद्यमी विकास समिति गठन भएको छ । बाग्मतीमा १८ वटा मध्ये १४ वटामा र गण्डकीमा १५ वटा मध्ये ११ वटामा महिला उद्यमी विकास समिति गठन भएको छ । त्यस्तै गरेर लुम्बिनीमा २१ वटा मध्ये ११ वटामा, कर्णालीमा १० वटा मध्ये २ वटामा र सुदुरपिञ्चममा ११ वटा उद्योग वाणिज्य संघ मध्ये ३ वटामा महिला उद्यमी विकास समिति गठन भएको छ ।




## महिला उद्यमी विकास समिति गठन गरिएका जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुको नामावली

**प्रदेश १ :**

- उद्योग वाणिज्य संघ, इनरुवा
- उद्योग वाणिज्य संघ, इटहरी
- उद्योग संगठन मोरङ्ग
- दमक उद्योग वाणिज्य संघ
- इलाम उद्योग वाणिज्य संघ
- झपा उद्योग वाणिज्य संघ
- खोटाङ्ग उद्योग वाणिज्य संघ
- मेची उद्योग वाणिज्य संघ
- मोरङ्ग व्यापार संघ
- ओखलढुङ्गा उद्योग वाणिज्य संघ
- पाँचथर उद्योग वाणिज्य संघ
- संखुवासभा उद्योग वाणिज्य संघ
- सुनसरी उद्योग वाणिज्य संघ
- ताप्लेजुङ्ग उद्योग वाणिज्य संघ
- त्रियुगा उद्योग वाणिज्य संघ
- उदयपुर उद्योग वाणिज्य संघ

**मधेश प्रदेश :**

- बारा उद्योग वाणिज्य संघ
- वीरगञ्ज उद्योग वाणिज्य संघ
- जनकपुरधाम उद्योग वाणिज्य संघ
- महोत्तरी उद्योग वाणिज्य संघ
- रौतहट उद्योग वाणिज्य संघ

**बाग्मती प्रदेश :**

- भक्तपुर उद्योग वाणिज्य संघ
- उद्योग वाणिज्य संघ, चितवन
- धादिङ्ग उद्योग वाणिज्य संघ
- धुलिखेल उद्योग वाणिज्य संघ
- दोलखा उद्योग वाणिज्य संघ
- काभ्रे उद्योग वाणिज्य संघ
- ललितपुर उद्योग वाणिज्य संघ
- मकवानपुर उद्योग वाणिज्य संघ
- नुवाकोट उद्योग वाणिज्य संघ
- रामेछाप उद्योग वाणिज्य संघ
- रत्ननगर उद्योग वाणिज्य संघ
- सिन्धुली उद्योग वाणिज्य संघ
- सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ
- थाहानगर उद्योग वाणिज्य संघ

**गण्डकी प्रदेश :**

- बाग्लुङ्ग उद्योग वाणिज्य संघ
- उद्योग वाणिज्य संघ, गैडाकोट
- गोरखा उद्योग वाणिज्य संघ
- लमजुङ्ग उद्योग वाणिज्य संघ
- लेखनाथ उद्योग वाणिज्य संघ
- मनाङ्ग उद्योग वाणिज्य संघ
- म्याग्दी उद्योग वाणिज्य संघ
- पोखरा उद्योग वाणिज्य संघ
- स्याङ्जा उद्योग वाणिज्य संघ
- तनहुँ उद्योग वाणिज्य संघ
- वालिङ्ग उद्योग वाणिज्य संघ

**लुम्बिनी प्रदेश :**

- अर्घाखाँची उद्योग वाणिज्य संघ
- बुटवल उद्योग वाणिज्य संघ
- उद्योग वाणिज्य संघ, नवलपरासी
- दाङ्ग उद्योग वाणिज्य संघ
- गुल्मी उद्योग वाणिज्य संघ
- कपिलवस्तु उद्योग वाणिज्य संघ
- नेपालगञ्ज उद्योग वाणिज्य संघ
- पाल्पा उद्योग वाणिज्य संघ
- सिद्धार्थ उद्योग वाणिज्य संघ
- तिलोत्तमा उद्योग वाणिज्य संघ
- तुलसीपुर उद्योग वाणिज्य संघ

**कर्णाली प्रदेश :**

- सल्यान उद्योग वाणिज्य संघ
- सुर्खेत उद्योग वाणिज्य संघ

**सूदुरपश्चिम प्रदेश :**

- दार्चुला उद्योग वाणिज्य संघ
- डोटी उद्योग वाणिज्य संघ
- कैलाली उद्योग वाणिज्य संघ




## महिला उद्यमी विकास समितिको नामावली

**सभापति**

१. श्री रीता सिम्हा

**उप-सभापति**

२. श्री जूना माथेमा

**सदस्यहरु**

३. श्री सुनिता वैद्य श्रेष्ठ
४. श्री महालक्ष्मी श्रेष्ठ
५. श्री निकीता आचार्य
६. श्री शान्ता बास्कोटा
७. श्री आभा शाह
८. श्री उपासना श्रेष्ठ
९. श्री राज्यलक्ष्मी शाक्य

**विशेष आमान्त्रित**

१०. श्री पिंकी सिंह राणा
११. श्री प्रमिला चण्डी श्रेष्ठ
१२. श्री प्रतिभा रिजाल ओली
१३. श्री प्रतिनिधी
१४. श्री कुमारी मुना बास्तोला
१५. श्री मन्दिरा पाण्डे
१६. श्री मिना प्रधान
१७. श्री लक्ष्मी कार्की प्रधान
१८. श्री गोमा कुमारी अधिकारी
१९. श्री शोभा श्रेष्ठ
२०. श्री सीता अधिकारी
२१. श्री लक्ष्मी खनाल
२२. श्री दर्शना श्रेष्ठ
२३. श्री बासन्ती प्रधान
२४. श्री पार्वता खरेल विमली
२५. श्री उर्मिला बस्नेत
२६. श्री कविता भूषाल
२७. श्री कञ्चन खत्री
२८. श्री निर्मला सापकोटा भट्ट
२९. श्री अंकिता सुमार्गी
३०. श्री नीरा योञ्जन
३१. श्री रीचा श्रेष्ठ

**सल्लाहकार**

३२. श्री गोविन्द देव पाण्डे
३३. डा. आनन्द शोभा ताम्राकार
३४. श्री रमेशमान डंगोल
३५. श्री कमला श्रेष्ठ
३६. श्री ज्योत्सना श्रेष्ठ
३७. श्री पवित्र गौतम


**प्रकाशन :**

महिला उद्यमी विकास समिति, नेउवामहासंघ, पो.व.नं. २६९, टेकू, काठमाडौं ।
फोन नं. ९७७-१-५३६२०६१, ५३६६८८९, ५३६२०६१,
फ्याक्सः ९७७-१-५३६१०२२, ५३६२००७
ईमेलः fncci@mos.com.np, वेवसाइटः http://www.fncci.org

Layout: Blitz